annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ७६ पृष्ठ ८ | काठमाडौं, मंगलबार १ साउन २०८१ | आषाढ शुक्लपक्ष एकादशी, नेपाल संवत् ११४४ | TUESDAY, JULY 16, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



अभिषेक महर्जन

# ओलीका सारथि

कभर स्टोरी

ठीक ३ वर्षअघि सर्वोच्च अदालतको परमादेशबाट हटाइएका केपी शर्मा ओली चार दल र दुई तिहाइ सांसदको समर्थनसाथ फेरि सत्तामा आएका छन् । शपथग्रहणसँगै उनले २२ सदस्यीय मन्त्रिमण्डल बनाएका छन् । त्यसमा कांग्रेसका १०, एमालेका प्रधानमन्त्रीसहित ९ लगायत छन् ।



**अजयकुमार चौरसिया**
न्याय तथा संसदीय मामिला

**बलराम अधिकारी**
भूमि व्यवस्था, सहकारी

**बद्रीप्रसाद पाण्डे**
संस्कृति, पर्यटन

**रमेश लेखक**
गृह

**दामोदर भण्डारी**
उद्योग, वाणिज्य

**रामनाथ अधिकारी**
कृषि तथा पशुपन्छी

**प्रकाशमान सिंह**
उपप्रधान तथा सहरी विकास

**विष्णुप्रसाद पौडेल**
उपप्रधान तथा अर्थ

**शरतसिंह भण्डारी**
श्रम तथा सामाजिक सुरक्षा

**नवलकिशोर साह सुडी**
महिला, बालबालिका

**विद्या भट्टराई**
शिक्षा, विज्ञान तथा प्रविधि

**पृथ्वी सुब्बा गुरुङ**
सञ्चार तथा सूचना प्रविधि

**डा. आरजू राणा**
परराष्ट्र

**देवेन्द्र दाहाल**
भौतिक पूर्वाधार

**मानवीर राई**
रक्षा

**प्रदीप यादव**
खानेपानी

**तेजुलाल चौधरी**
युवा तथा खेलकुद

**दीपक खड्का**
ऊर्जा, जलस्रोत तथा सिँचाइ

**प्रदीप पौडेल**
स्वास्थ्य तथा जनसंख्या

**राजकुमार गुप्ता**
संघीय मामिला तथा सामान्य प्रशासन

**ऐनबहादुर शाही ठकुरी**
वन तथा वातावरण

**सुरेन्द्र काफ्ले / राधा खनाल** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

# सुदूरपश्चिममा आजदेखि बजेट शून्यता

**शिवराज भट्ट** | *धनगढी*

केन्द्रमा सत्ता गठबन्धन फेरिएसँगै सुदूरपश्चिममा बजेट शून्यताको अवस्था आएको छ। असार मसान्तको राति १२ बजेसम्म बजेट पास हुनुपर्ने संवैधानिक प्रावधान छ।

सोमबार राति १२ बजेसम्म बजेट पास नभएपछि प्रदेशमा बजेट शून्यताको अवस्था आएको हो। तत्कालीन गठबन्धनबाट आर्थिक मामिला मन्त्री बनेका एमालेका सुरेन्द्रबहादुर पालले असार १ गते ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजारको बजेट पेस गरेका थिए। तर उक्त बजेटमा असार मसान्तसम्म छलफल नै हुन सकेन।

असार १ गते आएको बजेटमा असारको २० गतेसम्म छलफलसमेत भएन। सत्ता गठबन्धन फेरिएसँगै असार २० गते नेकपा एमालेले मुख्यमन्त्री दीर्घबहादुर सोडारीलाई दिएको समर्थन फिर्ता लिएपछि उनी अल्पमतमा परेका छन्।

एमालेले समर्थन फिर्ता लिएपछि, उसले आफैंले ल्याएको बजेट पास नहुने भएको हो। अहिले एमाले बजेट पास हुन नदिने पक्षमा छ। सुदूरपश्चिममा जेठको २८ गतेमात्रै मन्त्रिमण्डल विस्तार भएको थियो। असार २८ गते आर्थिक मामिला मन्त्री बनेका एमालेका सुरेन्द्रबहादुर पालले त्यसको तीन दिनपछि बजेट प्रस्तुत गरेका थिए। उनले बजेट आफूले पढे




पनि बनाउन नपाएको प्रतिक्रिया दिएका थिए। संघमा रातारात सत्ता गठबन्धन फेरिएला भन्ने भेउ नपाएपछि तत्कालीन गठबन्धन (एमाले, माओवादी, समाजवादी र नाउपा) ले असारको मध्यसम्म पनि बजेटमाथि छलफल गर्न उचित ठानेनन्। बजेटप्रति कांग्रेसको विरोध भइरहेकाले तत्कालीन गठबन्धनले असारको अन्तिम दुई/तीन दिनमा बजेटमाथि छलफल गराउने र पास गर्ने सोच बनाएको थियो।

'सत्ता गठबन्धनमा यस्तो फेरबदल होला भन्ने कल्पनासमेत थिएन्, कांग्रेसको विरोध आइरहेकाले धेरै दिन सदनमा लफडा गर्नुभन्दा असारको अन्त्यमा छलफल गरेर पास गर्ने सोच थियो, तर रातारात सत्ता गठबन्धन फेरियो' नेकपा माओवादी केन्द्रबाट आर्थिक मामिला मन्त्रीको जिम्मेवारी पाएका मन्त्री अक्कलबहादुर रावलले भने।

» बाँकी पृष्ठ ६

# संविधान संशोधनको चुनौती



**श्रीहरि अर्याल**

इजलास

अहिले दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेबीच समीकरण बनेको छ। संविधान संशोधनलाई मुख्य एजेन्डा बनाएर राजनीतिक समीकरण भएको हो। दुई दलबीचको संविधान संशोधनलगायत सातबुँदे सहमति जनतासमक्ष सार्वजनिक गर्नु राम्रो हुन्छ। यसो गर्दा पारदर्शी भएको सन्देश प्रवाह हुन्छ।

हो, संविधान संशोधन नगरी नहुने भएको छ। संशोधनको कार्यलाई इमान्दारीपूर्वक अघि बढाउनु पर्छ। बुद्धिमत्तापूर्ण ढंगले संविधान संशोधन गर्नु पर्नेमा ध्यान दिनु पर्छ। संविधान संशोधनका क्रममा सानातिना मतभेद हुन सक्छन्। संविधान संशोधनका क्रममा सबै कुराहरू नखोली पनि नहुने र सबै कुरा खुला गर्दा नयाँ संविधानमा लेख्नु पर्ने जस्तो अराजक अवस्था पनि नआओस्। संशोधन नगरी नहुने खालका संविधानका धाराहरूलाई बुद्धिमत्तापूर्वक संशोधन गर्नतिर लाग्नु पर्छ। यसका लागि मन्त्रिपरिषद्ले एउटा प्रस्ताव तयार गरोस्। प्रस्तावमा सर्वदलीय सहमतिका लागि प्रयास गरोस्। सर्वदलीय सहमति हुन बडो कठिन छ। तर पनि दुई तिहाइभन्दा बढी सांसदको मत प्राप्त गर्ने गरी संसद्मा व्यापकरूपमा छलफल होस्। संविधानमा संशोधन किन गर्नु पर्‍यो त ? यो प्रश्नको न्यायोचित ढंगले प्रस्ट पार्नु पर्छ।

अहिले निर्वाचन प्रणाली महँगो छ। धनाढ्यबाहेक अरूले चुनावमा उठ्नै नसक्ने र उठे पनि जित्न नसक्ने अवस्था छ। निर्वाचन आयोगले तोकेको भन्दा दसौं गुणा बढी पैसा खर्च हुने गरेको छ। यति ठूलो रकम कहाँबाट आउँछ ? कसैलाई थाहा छैन। उम्मेदवारले बनिबनाऊ स्टेटमेन्ट दिन्छन्। निर्वाचन आयोग हेर्‍याहेर्‍यै बनाइरहेका छन्। यस किसिमका अव्यावहारिक संवैधानिक व्यवस्थाका धाराहरू संशोधन गर्नु पर्छ।

यो सरकारले संविधान संशोधनका साथै ठूलाठूला भ्रष्टाचार काण्डको छानबिन गरी टुंगोमा पुर्‍याउनु पर्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सबल, सक्षम बनाउनु पर्छ। भ्रष्टाचार नियन्त्रण गर्दै जनतालाई आशा र भरोसा दिलाउन सक्नु पर्छ।

*(वरिष्ठ अधिवक्ता अर्याल ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालका पूर्वअध्यक्ष हुन्।)*

हार्दिक आभार

रू. ५,००,००,००,००,००० +

यहाँहरुको निरन्तर साथ, सहयोग र विश्वासले नै हामीले रु. ५ खर्ब भन्दा बढी निक्षेपको जिम्मेवारी वहन गर्न सफल भएका छौं ।
यस ऐतिहासिक उपलब्धीमा हामी सबै प्रति हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दै सबैमा संधै उत्कृष्ट बैंकिङ सेवा सुविधा दिँदै जाने प्रतिबद्धता व्यक्त गर्दछौं।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

The Banker — Bank of the Year 2014 NEPAL
IFM — Best Internet Bank Nepal — Awards 2016
EUROMONEY Awards for Excellence 2022 — Nepal Best Bank
Best Bank Award 2024 — Global Finance

GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np